दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २९९ | बुटवल | २०८१ कार्तिक २१, गते बुधवार | नेपाल संवत ११४५ | Wednesday Nov.06, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रवि थप ५ दिन हिरासतमा



पोखरा । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थप ५ दिन हिरासतमै राखेर अनुसन्धान गर्न कास्की जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ।

अदालतले तिहारको विदासहित मंगलबार १० दिन म्याद थप गरेको हो।

१० दिन मध्ये उनी यसअघि नै ५ दिन हिरासतमा बसिसकेका छन्। सोही कारण अब ५ दिन उनी हिरासतमै रहनेछन्। दोस्रोपटक थपिएको म्याद कात्तिक १५ गते सकिएको थियो । सोही दिनदेखि गणना हुने गरी म्याद थप भएको सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।

न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले लामिछानेमाथि अनुसन्धान गर्न म्याद थप्ने अनुमति दिएको हो । प्रहरीले भने अनुसन्धानका लागि २५ दिनको समय मागेको थियो ।

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उनी कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका थिए । सोही दिन राति पोखरा लगिए पनि शनिबार परेकाले ४ गतेमात्रै अदालत उपस्थित गराइएको थियो । त्यतिबेला अदालतले पहिलो पटकका लागि पक्राउ परेको दिनदेखि गणना हुने गरी ७ दिन म्याद थप भएको थियो ।

सभापति पक्राउको विरोधमा रास्वपा कार्यकर्ता तथा समर्थकले प्रदर्शन गर्दै आएका छन् । मंगलबार पनि जिल्ला अदालत अगाडि प्रदर्शन गर्ने क्रममा प्रदर्शनकारीले निषेधित क्षेत्र तोड्ने प्रयास गरेका थिए । सो क्रममा प्रहरीले ७ जनालाई नियन्त्रणमा लिएको थियो ।

भिड नियन्त्रण गर्न प्रहरीले अश्रुग्याससमेत प्रहार गरेको थियो ।

लामिछानेसहित छविलाल जोशी र लिला पछाईंलाई पनि सोही अवधिसम्म हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

यहीबीचमा लामिछानेलाई सुप्रिम सहकारी ठगीबारे अनुसन्धानका लागि रुपन्देही ल्याउने प्रहरीको तयारी छ ।

## प्रधानमन्त्री ओली बिरामी



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओली बिरामी परेका छन्। हिजो (सोमबार) देखि सामान्य ज्वरो आएर घरमै आराम गरिरहेको प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले जानकारी दिए।

'हिजोदेखि ज्वरो आएको हो,' सचिवालयका ती सदस्यले भने, 'अहिले सामान्य नै छ। आराम गरिरहनुभएको छ।'

बिरामी परेपछि प्रधानमन्त्री ओलीको मंगलबारका लागि तय भएका सबै भेटघाट पनि बन्द गरिएको छ। 'आजका सबै भेटघाट बन्द गरिएको छ,' सचिवालयका ती सदस्यले भने।

ओली बालुवाटारमा स्वास्थ्यलाभ गरिरहेका छन् ।

## डेंगु संक्रमण २८ हजार जना बढीमा, १२ जनाको मृत्यु



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपालमा डेंगु संक्रमणको प्रकोप बढ्दै गएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) का अनुसार यसवर्ष २८ हजार २१२ संक्रमित भएका भएका छन् । काठमाडौं उपत्यकामा पनि संक्रमणको दर उच्च रहेको छ । काठमाडौंमा ४ हजार ३१३ र ललितपुरमा १ हजार १११ संक्रमित भेटिएका छन् । ६ जिल्ला उच्च जोखिममा परेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार यसवर्ष गण्डकी प्रदेश सबैभन्दा बढी प्रभावित भएको छ ।

पछिल्लो तथ्यांक अनुसार गण्डकी प्रदेशमा मात्र यस वर्ष १३ हजार ८९८ जना संक्रमित भेटिएका छन्, जुन देशभरका कूल संक्रमितको झण्डै ५० प्रतिशत हो । गण्डकी प्रदेशमा डेंगुका कारण ८ जनाले ज्यान गुमाइसकेका छन् ।

» बाँकी ३ पेजमा

# गौतमबुद्ध विमानस्थलमा धमाधम थपिंदै विमान कम्पनी

**सरकारी स्वामित्वको नेपाल एयरलाइन्सले पर्सीदेखि साताको चार दिन भैरहवा-दुबई उडान गर्दै छ भने जजिरा, फ्लाई दुबई र थाई एअर एशियाका विमानले पनि लगत्तै नियमितउडान गर्दैछन् । अन्तर्राष्ट्रिय उडान नियमित हुन सके भैरहवा र समग्र रुपन्देहीको पर्यटन व्यवसाय गुल्जार हुने आशामा व्यवसायी छन् ।**



**मोहम्मद हबिब**

*भैरहवा ।*

नेपाल वायुसेवा निगमको नेपाल एयरलाइन्सले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बाट भैरहवा-दुबई उडान गर्ने भएको छ । नेपाल एयरलाइन्सले कार्तिक २३ गते (शुक्रवार) देखि काठमाडौं-भैरहवा-दुबई-काठमाडौं उडान गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए ।

उनका अनुसार साताको आइतबार, सोमबार, बुधवार र शुक्रवार राति ९ः३० बजे काठमाण्डौंबाट उडान भर्ने नेपाल एयरलाइन्स करिब आधा घण्टापछि भैरहवा विमानस्थलबाट यात्रु लिएर दुबई प्रस्थान गर्ने तालिका छ । हाल भैरहवा विमानस्थलबाट नेपाल वायुसेवा निगमको नेपाल एयरलाइन्स, संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबई, कुवेतको जजिरा एयरवेज र थाइल्याण्डको वायुसेवा थाइ एयर एशियाले नियमित उडान गर्ने भएको छ ।

थाईल्याण्डको वायुसेवा कम्पनी एअर एशियाले पनि एयरबस ए-३२० बाट भैरहवामा परिक्षण उडान गरेको छ । लामो समयदेखि प्रतिक्षमा रहेको भैरहवा स्थित गौतमबुद्ध विमानस्थलबाट अन्तराष्ट्रिय उडान सुरु भएपछि उत्साह जागेको छ । कार्तिक २३ गतेदेखि नियमित हप्ताको २ वटा व्यवसायिक उडान गर्ने कम्पनिले आज आइतबार विहान ७ बजे चालक दलका सात सदस्यसहित गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

हप्तामा २ वटा उडान गर्ने तालिका तय भएपछि परिक्षणका लागि विमान भैरहवा आएको हो । विमानलाई भैरहवामा पानीको फोहोरले स्वागत गरिएको थियो । केही बेरको बसाईपछि विमान बिहान ७ः४० बजे भैरहवाबाटै बैंकक प्रस्थान गरेको विमानस्थलका सूचना अधिकारी विनोदसिंह राउतले बताए ।

'यो तालिका अनुसारकै फ्लाईट हो । अर्को उडान अब कार्तिक २३ गते शुक्रबार हुने र त्यसपछि हप्ताको दुई उडान गर्ने छ । २३ गते बिहान ७ बजे आउने र त्यसपछि २५ गते बिहिबारदेखि हप्ताको दुई दिन सोमबार र बिहिबार दिउँसो १२ः१५ यहाँ अवतरण गरेर करिब एक घण्टापछि बैंकक्का लागि उडान भर्नेछ ' राउतले भने

भैरहवा विमानस्थलबाट उडान गर्नका लागि केही दिन अघि मात्रै अनुमति पाएको थियो । थाई एयर एसियाले भैरहवाबाट उडान गर्ने प्रतिबद्धतासँगै काठमाडौंमा पुनःउडान सुरु गर्न अनुमति पाएको छ ।भैरहवाबाट बैङ्ककतर्फ एकतर्फी सुरुआती भाडादर रु १२ हजार रहेको छ ।यहाँबाट संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबई एयरलाइन्स र कुवेतको जजिरा एयरवेजले पनि उडान गर्न लागेका छन् । फ्लाई दुबईले नोभेम्बर ९ तारिखबाट दैनिक रुपमा र कुवेतको जजिरा एयरवेजले नोभेम्बर १० तारिखबाट सातामा तीन उडान गर्न लागेको छ ।

सूचना अधिकारी राउतका अनुसार फलाई दुबई दैनिक १ः४५ बजे दुबईबाट भैरहवामा अवतरण गर्ने र यहाँबाट २ः४५ बजे काठमाडौं हुँदै दुबई जानेछ । त्यस्तै यस अघि पनि गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट सेवा दिइसकेको जजिरा एयरवेजले सातामा मंगलबार, बिहीवार र शनिवार बिहान ७ः३० बजे भैरहवामा अवतरण गर्ने र ८ः३० बजे कुवेतका लागि प्रस्थान गर्ने तालिका छ ।

विमानस्थल स्तरोन्नति भएर उद्घाटन भएको दुई वर्षसम्म पर्याप्त र नियमित अन्तराष्ट्रिय उडान नहुंदा विमानस्थल लक्षित गरी होटेल र पर्यटन व्यवसायमा भएको करिब ८० अर्ब रुपैयां लगानीका व्यवसाय संकटमा परेको भन्दै पर्यटन व्यवसायीहरु लामो समयदेखि आन्दोलनमा छन् ।

अब नेपाल एअरलाइन्ससहित जजिरा, फ्लाई दुबई र एअर एशियाले नियमित उडान गरेमा भैरहवा र समग्र रुपन्देहीको पर्यटन व्यवसाय गुल्जार हुने आशामा व्यवसायी छन् । गौतमबुद्ध विमानस्थल हुँदै विदेश जाने यात्रुहरुका लागि आवश्यक सरकारी कागजातका काम हुने सबै कार्यालय विमानस्थलमा तत्काल सञ्चालनमा ल्याउनुपर्ने व्यवासायीको माग छ ।

## चौराहा-गोलपार्क सडक विस्तारको काम शुरु



**लुम्बिनी संवाददाता**

*बुटवल*

लामो समयदेखि अलपत्र परेको बुटवलको राजमार्ग चौराहादेखि गोलपार्कसम्मको सडक विस्तारको काम पुनः सुरु भएको छ । सडक निर्माणको जिम्मा पाएको बावुल दर्शन मालिका जेभी भैरहवाले मंगलबारदेखि सडक विस्तारको काम सुरु गरेको हो ।

बावुल दर्शन मालिका जेभी भैरहवाका को-ओनर टउफिक रहमान खानले दिउँसो र राती गरि सडक निर्माणको काम दुई सिफ्टमा गर्ने बताए । छठ पर्वपछि जनशक्ति पनि थप गरी तीव्र गतिमा काम गनउनले जानकारी दिए । इलाका प्रशासन कार्यालय अगाडिबाट पनर्माणको काम सुरु भएको छ ।

सुरुमा खाली रहेको ठाउँमा निर्माणको काम गर्ने र त्यसपछि अन्य ठाउँको काम गर्ने उनले बताए । सडक निर्माण गर्दा धुलो हुने भएकाले धुलो उड्न नदिनका लागि पानी राख्ने खानले बताए ।

कञ्चनजंघा बिरुवा जेभीसँग वि.स. २०७३ साल चैत्र १७ गते २०७६ सम्ममा सडक विस्तार सक्नेगरी ५३ करोड ९७ लाख ९९ हजार ४०० रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । तर, ८ वर्षसम्म पटक-पटक म्याद थप्दासमेत सडक विस्तार सम्पन्न नभएपछि गत वैशाखमा सडक डिभिजन कार्यालय बुटवलले उक्त ठेक्का रद्द गरेको थियो ।

ठेक्का रद्द भएपछि बावुल दर्शन मालिका जेभी भैरहवासँग असोज १८ गते १ वर्ष भित्रमा काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको सडक डिभिजन कार्यालय बुटवलका सूचना अधिकारी महेश्वर लम्सालले बताए । साढे ३ किलोमिटरको ६ लेन सडक विस्तार गर्न लागि भ्याटसहित ३३ करोडमा ठेक्का सम्झौता भएको लम्सालले बताए ।




## सम्पादकीय

# पर्यटन प्रवर्द्धनमा मुख्यमन्त्रीको प्रतिवद्धता

लुम्बिनी प्रदेश पर्यटनबाट प्रशस्त लाभ लिन सकिने राम्रो सम्भावना भएको प्रदेश हो। प्रदेशका पहाडी जिल्लाहरुमा प्रशस्त हिल स्टेशनहरु छन् जुन भारतीय पर्यटक आकर्षित गरी विदेशी मुद्र आर्जन गर्ने सजिलो माध्यम हुन सक्छन्। लुम्बिनी प्रदेशसंग जोडिएको भारतको उत्तर प्रदेशमा २४ करोड जनसंख्या छ। बिहार पनि नजिकै छ। भारतका ती प्रदेशमा लुम्बिनी प्रदेशमा जस्तो पहाडी इलाका, हरियाली, डांडाकांडा र मनोरम दृश्यहरु विरलै छन्। जसले गर्दा भारतीइ पर्यटकहरु नेपालका हिल स्टेशनहरुमा आउन र रमाउन लालायित छन्।

हुन त प्रदेशका अहिलेका मुख्यमन्त्री चेतनारायण आचार्यले पदभार ग्रहण गरेपछिका विभिन्न सार्वजनिक कार्यक्रममा प्रदेशको समृद्धिको आधार पर्यटन, कृषि र उद्योग हुन् भन्दै आएका छन्।

मुख्यमन्त्रीले प्रदेशभित्रका प्रमुख पर्यटकीय स्थलहरुको प्रवर्द्धन गर्न मन्त्रीपरिषद्का बैठक तथा गोष्ठी सेमिनारहरु हिल स्टेशन सहितका पर्यटकीय स्थलमा राख्ने योजना रहेको पनि बताउँदै आएका छन्। सोमवार पनि लुम्बिनी केवलकारको अवलोकन गर्दै मुख्यमन्त्री आचार्यले मन्त्रीपरिषद् बैठकहरु हिल स्टेशनमा बनेका केबलकार सहित प्रदेशका धार्मिक तथा पर्यटकीय स्थलमा राख्ने गरी सरकारले योजना बनाएको बताए।मुख्यमन्त्रीले निजी लगानीमा बुटवलमा बनेका प्रदेशकै पहिलो लुम्बिनी केबलकार र उद्घाटन हुन बांकी सिद्धार्थ केबलकारको दीगो सञ्चालनका लागि भारतीय पर्यटक भित्राउन आवश्यक रहेकोमा पनि जोड दिएका छन्। भारतीय पर्यटक भित्राउन प्रदेश सरकारले भारतको उत्तर प्रदेश र बिहार प्रदेश सरकारसंग समन्वय गरेर विशेष योजना बनाइरहेको मुख्यमन्त्री आचार्यको भनाई छ। मुख्यमन्त्रीको यो भनाई केवल सार्वजनिक खपतका लागि नभएर सांच्चिकै भारतका दुई प्रदेशसंग व्यवहारमा कार्यान्वयन गर्ने हो भने ठूलो संख्यामा भारतीय पर्यटक भित्राउन सम्भव छ।

पर्यटकीय पुर्वाधारमा निजी क्षेत्रले ठूलो लगानी गरेकाले त्यसबाट प्रतिफल प्राप्त गर्न सरकारले निजी क्षेत्रसंग हातेमालो गर्न सरकार सधैं तत्पर रहेको मुख्यमन्त्रीको प्रतिवद्धता पनि व्यवहारमा कार्यान्वयनको अपेक्षामा निजी क्षेत्र रहेको छ।

पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर लुम्बिनी केबलकारको बसन्तपुर, पाल्पाको रानीमहल, स्वर्गद्वारी लगायतका महत्वपूर्ण स्थलहरुमा घुम्तीरुपमा मन्त्रीपरिषद्को बैठकहरु राख्ने योजनामा रहेको मुख्यमन्त्रीको भनाईले पर्यटन व्यवसायीमा आशा पलाएको छ।

मुख्यमन्त्री आचार्यले आफूले बोलेका कुरा व्यवहारमा लागु गराउने हो भने यसले सांच्चिकै प्रदेश सरकारले पर्यटन प्रवर्द्धनमा सरकार इमान्दार र गम्भीर छ भन्ने पुष्टी हुनेछ। मुख्यमन्त्री आचार्यले रुपन्देही, कपिलवस्तु र नवलपरासीलाई बुद्ध सर्किट र १२ वटै जिल्लालाई समेटेर लुम्बिनी सर्किटका रुपमा विकास गर्ने योजनामा रहेको पनि बताउँदै आएका छन्। यसले पनि मिनी नेपालको रुपमा रहेको लुम्बिनी प्रदेशलाई पर्यटनका माध्यमबाट समृद्ध बनाउन, रोजगारी सिर्जना गर्न सकिने आधार तयार गर्छ।

सञ्चालनमा आएको १७ महिनामा लुम्बिनी केबलकारमा ३ लाख १५ हजार पर्यटक भित्रिएको र त्यसमा भारतीइको संख्या उल्लेख्य रहेकाले भारतीय पर्यटकलाई सहज रुपमा नेपाल आउने वातावरण सरकारले बनाउनुपर्ने हुन्छ। भारतीय पर्यटकलाई सम्मानजनक व्यवहार, सडकमा अनावश्यक चेकजांच नगर्न र चाहेजति रकम बोक्न र खर्च गर्न पाउने नीतिगत व्यवस्था गर्ने हो भने भारतीय पर्यटकहरु हिल स्टेशनमा ठूलो संख्यामा आउन सक्ने देखिएकाले मुख्यमन्त्रीले आफ्ना भनाईलाई व्यवहारमा देखाउन प्रदेश सरकारले पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राख्न जरुरी छ।

# लयमा फर्किएको न्यायालय



अच्युत कुइँकेल

उपाय खोजी गरी न्याय परिषद्को सबलीकरणसमेत न्यायपालिकाको विकासमा अपरिहार्य बनेको छ। अवसरको सुनिश्चितताबाट कर्मचारीको मनोबल उकास्न सरकारबाट प्राप्त हुने अध्ययन तालिम भ्रमणको थप उपलब्धता धेरैमध्येका केही आधार बन्न सक्छन्। न्यायिक नेतृत्वको निर्देशनलाई कार्य रूप दिन व्यवस्थापन पक्षको कौशलता जरुरी हुन्छ। न्यायिक स्वतन्त्रता र न्यायिक स्वायत्तताका पक्षलाई प्रवर्धन गर्न नागरिकका न्याय प्राप्तिका अपेक्षालाई मूर्त रूप दिन न्यायपालिकाको पाँचौं योजनाको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ।

नेपालको न्यायसम्बन्धी अधिकार संविधान अन्य कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत र न्यायिक निकायबाट प्रयोग गरिने संवैधानिक व्यवस्था छ। मुलुकले न्याय प्रशासनलाई सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने नीति लिएको छ। यो अवस्थामा न्यायपालिकाको नेतृत्वमा ३२ औँ प्रधान न्यायाधीशका रूपमा प्रकाशमान सिंह राउतको नियुक्तिले मुलुकको न्याय प्रशासनले थप गति लिने अपेक्षा गरिएको छ। सर्वप्रथम न्यायालयभित्र आवश्यक मानव संसाधन विकास र भौतिक विकासका लागि सहायक क्षेत्रको पहिचान र परिचालन जरुरी हुन्छ। विभिन्न चुनौतीका चाङमाझ नियुक्त हुनुभएका प्रधान न्यायाधीशसामु न्यायपालिकालाई लयमा हिँडाउने जिम्मेवारी छ। स्वाभाविक लयमा हिँड्ने पथमा अस्वाभाविक तरङ्गले सिर्जना गरेको अवरोध चिर्दै न्यायालयलाई लयमा फर्काउनुपर्ने मूल चुनौती प्रधान न्यायाधीशको छ। न्यायालयमा जनशक्तिको मनोबल उँचो बनाई न्याय क्षेत्रका प्रत्यक्ष सरोकारवालासँग समदुरी र समसम्बन्धका आधारमा सम्बन्ध विकास गरी दीर्घकालीन समझदारी कायम गर्नु नेतृत्वको चुनौती हो।

सबैका लागि न्याय एवं संविधान, कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निष्पक्ष न्याय सम्पादन गर्ने परिलक्ष्यलाई मूर्त रूप दिनु छ। संविधान र कानुनप्रतिको आस्था, स्वतन्त्रता, निष्पक्षता, स्वायत्तता, उत्तरदायित्व र जवाफदेहिता, सदाचार र समावेशी, स्वामित्व र सामूहिकतालाई अङ्गीकार गर्ने लक्ष्य न्यायपालिकाको चालु पञ्चवर्षीय योजनाले राखेको छ। न्यायपालिकामा सुधारका सुरुवाती विन्दुबाट प्रभावशाली फड्को मारेको अवस्था भए पनि गर्नुपर्ने काम नभएका होइनन्। विगतका योजनाबाट पाठ सिक्दै अबको पाँच वर्ष छिटो, छरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा सबैको पहुँच, सुशासन प्रवर्धन तथा जनआस्था अभिवृद्धि, सूचना प्रविधिको संस्थागत विकास र प्रभावकारी उपयोग एवं मानव संसाधन तथा भौतिक पूर्वाधारका विषयलाई प्राथमिकतामा राखी काम गर्ने रणनीतिक योजना लागु भएको छ।

कुल २५ हजार आठ सयभन्दा बढी मुद्दा सुनुवाइको प्रतीक्षामा छन्। चालु आर्थिक वर्ष २०८१/८२ मा आठ वर्ष नाघेका मुद्दा शून्य बनाउने रणनीतिका साथ सर्वोच्च अदालतले आफ्नो वार्षिक कार्ययोजनासमेत तय गरेको छ। मुद्दाका चाङ घटाउने र गुणात्मक न्याय सुनिश्चित गराउने चुनौती त छँदै छ। लगतमुखीबाट लक्ष्यमुखी हुनुपर्ने भन्ने आलोचकको भनाइलाई मनन गर्दै गुणात्मक फैसलाबाट लगतको प्राप्ति गर्नु जरुरी छ।

निरन्तर वृद्धि भइरहेका मुद्दा फर्स्योटलाई गति दिने लक्ष्यका साथ आएका योजना कार्यान्वयन जटिल भए पनि सोको व्यवस्थापनबाट अगाडि बढ्नुपर्ने देखिएको छ। सर्वोच्च अदालतमा २०८३ असार मसान्तसम्ममा पाँच वर्ष नाघेका सबै मुद्दा तथा रिट फर्स्योट गर्ने, २०८५ असार मसान्तसम्ममा तीन वर्ष नाघेका सबै मुद्दा तथा रिट फर्स्योट गर्ने, २०८६ असार मसान्तमा सर्वोच्च अदालतमा दुई वर्ष नाघेका मुद्दा तथा रिट नरहने अवस्थामा पुऱ्याउने लक्ष्य छ। योजनामा मेलमिलापतर्फ सबै तहका अदालतमा मिलापत्र हुन सक्ने प्रकृतिका मुद्दामध्ये ५० प्रतिशत मुद्दा मेलमिलाप प्रक्रियामा पठाउने एवं मेलमिलापमा पठाइएका ५० प्रतिशत मुद्दामा मेलमिलापबाट विवादको समाधान गर्ने लक्ष्य कार्ययोजनामा राखिएको छ।

सर्वोच्च अदालत समक्ष आम न्यायका उपभोक्ताका अपेक्षालाई साकार पार्नसमेत न्यायपालिकाको नेतृत्वसमक्ष चुनौतीका फेहरिस्त लामो हुन सक्छ। यद्यपि स्रोतसाधनको सन्तुलित उपयोग गरी प्राप्त जनशक्तिलाई उच्च मनोबलयुक्त तुल्याई कानुनले निर्धारित जिम्मेवारी पूरा गर्ने हो भने न्यायालयप्रतिको जनआस्थामा बढोत्तरी हुने छ। न्यायाधीश नियुक्तिमा सर्वस्वीकार्य पद्धति बसाउने, फैसलाको गुणस्तर कायम गराउने, न्यायपालिकाको पन्चवर्षीय योजना कार्यान्वयन गर्न आवश्यक स्रोतसाधनको प्रबन्ध गरी उक्त योजनाले लिएका लक्ष्य प्राप्तितर्फ अग्रसर रहनुपर्ने चुनौती सामना गरी न्यायालयको श्रीवृद्धिमा थप योगदान गरी न्यायिक इतिहासमा अमिट छाप छोड्ने अवसर पनि प्रधान न्यायाधीशसमक्ष छ। आफ्नै नेतृत्वमा तयार भएको न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना न्यायालय सुधार र विकासको प्रमुख साधन बन्न सक्छ।

सर्वोच्च अदालतसँगै मातहतका उच्च एवं जिल्ला अदालतमा समेत कार्यबोझका आधारमा मुद्दा एवं समग्र व्यवस्थापनलाई प्राथमिकतामा राखिएबाट न्यायका उपभोक्तालाई शीघ्र न्यायको प्रत्याभूति हुने आशा गर्न सकिन्छ। अदालतहरूमा स्रोतसाधनको व्यवस्थापनका लागि बजेटको प्राप्तिको विषय सधैँ पेचिलो बन्ने गरेको छ। यसै सन्दर्भमा न्यायपालिकाको रणनीतिक योजनाले लिएका लक्ष्य एवं उद्देश्यको प्राप्ति एवं स्रोतसाधनको सुनिश्चिततामा सरोकारवालाले ध्यान पुऱ्याउनुपर्ने छ। शीघ्र न्याय सम्पादनमा संवैधानिक इजलासको प्रभावकारी व्यवस्थापन गर्ने, मुद्दा व्यवस्थापनमा नवीनताको अभ्यास तथा न्याय सम्पादनलाई प्रभावकारी बनाउन क्षेत्राधिकारसम्बन्धी विद्यमान कानुन परिमार्जनको पहल सुधार गर्ने, पुराना बक्यौता मुद्दा फर्स्योटसम्बन्धी विशेष कार्ययोजना निर्माण र कार्यान्वयन गर्नुपर्ने छ। मिसिल व्यवस्थापनका लागि सामयिक निरीक्षण प्रणालीलाई सुदृढ गर्ने, इजलास तथा सुनुवाइ व्यवस्थापन गर्ने, मुद्दाको प्रक्रियागत एकरूपता र सहजताका लागि मानक एवं मापदण्ड निर्माण एवं अभ्यास गर्ने विषयसमेत न्यायपालिकाले लिएका लक्ष्यभित्र पर्छन्।

न्यायलाई छिटोछरितो, प्रभावकारी, पारदर्शी र अनुमानयोग्य बनाउन जिल्ला एवं उच्च अदालतका सम्बन्धित कानुनमा सुधार तथा सूचना पद्धतिमा परिमार्जन गर्ने र समग्र पद्धति कार्यान्वयन गर्न अदालतमा आवश्यक कम्प्युटर, प्रिन्टर, स्क्यानर, इन्टरनेट ब्यान्डविथ, पावर ब्याकअप लगायतका पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन, सरोकारवालाको सहयोग परिचालन, जनशक्तिको क्षमता अभिवृद्धिलगायतका कार्यक्रमसमेत योजनामा समावेश गरिनु सुखद पक्ष हो। अदालतको कार्यस्थलको उन्नतीकरणमार्फत कार्य वातावरण निर्माण गर्ने, न्यायाधीशबिच विधि शास्त्रीय विकास तथा अनुभवको आदानप्रदानसमेतका कार्यक्रम पहिचानका साथै फैसला लेखन र तयारीमा शीघ्रता दिनका लागि जनशक्तिको व्यवस्थापन र परिचालनलगायतको कार्य वातावरण निर्माण गर्ने, फैसला लेखनसम्बन्धी तालिम सञ्चालन गर्ने, कर्मचारीका लागि प्रोत्साहन र उत्प्रेरणा अभिवृद्धिमार्फत जनशक्ति परिचालनमा अपनत्व भावको विकास गर्नेसमेतका कार्यक्रम निर्धारण गरिएको छ।

त्यस्तै मेलमिलाप पद्धतिलाई सुदृढ बनाउन पद्धतिगत सुधारका क्षेत्रको पहिचान गर्ने, प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, मेलमिलाप केन्द्रको सुधार र विस्तार गर्ने, मेलमिलापकर्ताको विशेषज्ञता र व्यावसायिकतासम्बन्धी नीति निर्माण र मेलमिलापको प्रभावकारी अनुगमन गर्ने एवं न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता तथा न्यायिक सुशासनसम्बन्धी मूल्यमान्यताको प्रवर्धन गर्ने लक्ष्य कार्यक्रममा निर्धारण गरिएका छन्। अवधारणागत, नीतिगत तथा कार्यान्वयन तहमा गर्नुपर्ने सुधारका क्षेत्रको पहिचान गरी सम्बोधन गर्ने लगायतका कार्यक्रम पनि छन्। सार्वजनिक सेवा प्रवाहलाई सरल, व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रभावकारी बनाउन सूचना प्रविधिलाई महत्वपूर्ण औजारका रूपमा स्थापित गर्ने योजनामा उल्लेख छ। सूचना प्रविधिको माध्यमबाट न्यायिक काम कारबाहीलाई व्यवस्थित, पारदर्शी एवं अनुमानयोग्य बनाई समग्र न्याय सम्पादनको प्रभावकारिता र न्यायमा सहज पहुँच अभिवृद्धि गर्ने प्रयासलाई थप प्रोत्साहन गर्ने लक्ष्यसमेत रहेको छ।

न्यायपालिकामा सूचना प्रविधिको विकास र दिगो व्यवस्थापनका लागि, सूचना प्रविधिसम्बन्धी दीर्घकालीन नीति बनाउने, अदालतमा कोर्ट रुम प्रविधिको प्रयोगका लागि पूर्वाधारको विकास गर्ने, मुद्दाको अनलाइन दर्ता गरी अभिलेखको विद्युतीय विकासको रणनीति लिइने तथा मानव संशोधन विकासका लागि दीर्घकालीन नीतिको तर्जुमा गरिने, न्यायपालिकामा कार्यरत जनशक्तिको व्यवस्थापन, परिचालन तथा उत्प्रेरणासम्बन्धी नीति निर्माण, न्यायाधीशलगायत न्यायिक जनशक्ति निर्माण, स्वास्थ्य उपचार, बिमालगायतका नीति निर्माण गरिने विषयको कार्यान्वयन लक्ष्यलाई उपलब्धि उन्मुख बनाउनु जरुरी छ।

यसको अलावा न्याय क्षेत्रमा जनशक्तिलाई आकर्षण गर्ने र टिकाइराख्ने चुनौती महसुस गरिएको छ। विशेष गरी राजपत्र अनङ्कित पदमा कानुन अध्ययन नगरेका जनशक्तिको न्याय सेवामा प्रवेश हुँदा नियुक्तिका सुरुवाती दिनदेखि नै माथिल्ला अन्य सेवा समूहमा पदहरूको तयारीमा ध्यान दिँदा सेवा प्रवाह र सेवाको गुणस्तर कायम गर्न समस्या परेको छ। अदालत व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा योजनाले लिएका लक्ष्यप्राप्तिको विषयमा स्रोत साधनको सुनिश्चितता, न्यायिक जनशक्तिको क्षमता अभिवृद्धि, कार्यविधिगत सरलीकरण, आचरणको अनुगमन एवं अनुशासन कायम राख्न शून्य सहनशीलता आवश्यक छ। न्यायप्रतिको आमआशा र विश्वासको प्रवर्धन जरुरी देखिएको छ।

न्यायाधीश नियुक्तिमा देखिने विवादको दीर्घकालीन समाधानका उपाय खोजी गरी न्याय परिषद्को सबलीकरणसमेत न्यायपालिकाको विकासमा अपरिहार्य बनेको छ। अवसरको सुनिश्चितताबाट कर्मचारीको मनोबल उकास्न सरकारबाट प्राप्त हुने अध्ययन तालिम भ्रमणको थप उपलब्धता धेरैमध्येका केही आधार बन्न सक्छन्। न्यायिक नेतृत्वको निर्देशनलाई कार्य रूप दिन व्यवस्थापन पक्षको कौशलता जरुरी हुन्छ।

न्यायिक स्वतन्त्रता र न्यायिक स्वायत्तताका पक्षलाई प्रवर्धन गर्न नागरिकका न्याय प्राप्तिका अपेक्षालाई मूर्त रूप दिन न्यायपालिकाको पाँचौं योजनाको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ।
गोपबाट

# समता लघुवित्तको एफपीओमा ५० गुणा बढी आवेदन, मंगलबार अन्तिम दिन




काठमाडौं। समता घरेलु लघुवित्तको एफपीओमा हालसम्म ५०.५ गुणा बढी आवेदन परेको छ।

यस कम्पनीको एफपीओमा मंगलबार ५ बजेसम्म आवेदन दिन सकिनेछ। सोमबार साँझ ५ बजेसम्म कम्पनीको एफपीओमा कुल ११ लाख ७१ हजार ४६५ जनाले आवेदन दिएको सीडीएस एण्ड क्लियरिङ कम्पनीले जनाएको छ। सीडीएससीका अनुसार ती आवेदकले १ करोड ७७ लाख २३ हजार २२० कित्ता सेयर माग गरेका छन्। तर कम्पनीले भने जम्मा ३ लाख ५० हजार ९०४ कित्ता बिक्रीका लागि आवेदन माग गरेको हो। कम्पनीको माग र सोमबार साँझसम्म परेको आवेदनका आधारमा मागभन्दा ५०.५ गुणा बढी सेयरका लागि आवेदन परेको हो।

कात्तिक १२ देखि कम्पनीको एफपीओमा आवेदन खुलेको हो। अंकित मूल्य १०० मै कम्पनीले एफपीओ खुलाएको हो। हाल बजार मूल्य प्रतिकित्ता ८९७ रुपैयाँ छ।

अनलाइन प्रणाली मेरोसेयर तथा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थाका शाखाबाट एफपीओ भर्न सकिनेछ। न्यूनतम १० र अधिकतम १ हजार कित्ताका लागि आवेदन दिन सकिनेछ। एफपीओ निष्कासन तथा बिक्री प्रवन्धकमा मुक्तिनाथ क्यापिटल रहेको छ।

बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणमा कम्तीमा ३० प्रतिशत सेयर निष्कासन गर्नुपर्ने प्रावधान छ। सोबमोजिम यस कम्पनीको सर्वसाधारणमा जारी सेयर ३० प्रतिशत नपुगेपछि एफपीओ जारी हुन लागेको हो।

यस कम्पनीको सर्वसाधारणमा जारी सेयर २६. २० प्रतिशत मात्रै छ। एफपीओ जारीपछि सर्वसाधारण सेयर हिस्सा ३०.५२ प्रतिशत र संस्थापक हिस्सा ६९.४८ प्रतिशत पुग्ने कम्पनीले जनाएको छ। साविकको मनकामना स्मार्ट लघुवित्तलाई प्राप्ति गरेर समता घरेलु लघुवित्त बनेको हो।

# गोलीगाँठो मर्किने कारण र उपचारका घरेलु उपाय



गोलिगाँठोलाई स्थिर राख्ने एउटा वा धेरै तन्तुहरु तन्किएर वा च्यातिएर (पूर्ण वा आंशिक रूपले) गोलिगाँठो मर्किने गर्छ। सामान्यतया हामीले हिँड्ने वा उभिने क्रममा खुट्टाको सन्तुलन गुमाउँदा जोर्नी अत्याधिक रुपले तन्किन्छ। धेरै हिँड्दा बढी हलचल हुन्छ वा त्यसको सन्तुलन भन्दा बढी मोडिन्छ, त्योबेला यो मर्किन्छ र सुन्निन्छ। जसले दुखाइका साथै जोर्नीमा क्षति पुर्याउँछ।

**दुखाई** : चोट लागेको क्षेत्रमा तिखो वस्तुले घोचेको अनुभव हुन्छ। चलाउँदा वा हिँड्दा दुख्छ।

सुन्निने र घाउ भएको अवस्था सानो रक्तनली फुट्छ, जसले गर्दा चोट लागेको स्थानमा रक्त केशिका रातो हुने, सुन्निने र त्यो ठाउँमा घाउ हुने पनि हुन्छ।

आवश्यक परेमा जँचाएर दुखाई कम गर्ने औषधि लिन सकिन्छ।

**स्याहार**

चोट लागको हात वा खुट्टालाई आराम दिनुहोस्। ताकि अझ धेरै चोट नलागोस् र छिटो निको होस्। पहिलो ४८ घण्टाको लागि चोट लागेको हातखुट्टाबाट कुनै पनि काम नगर्नुहोस्। चोट लागेको ४८ घण्टा पछि क्रमिक रुपमा हलचल सुरु गर्नुहोस् र यो हलचलको मात्रा गोलिगाँठाको अस्वस्थाको आधारमा मिलाउनुहोस् र यदि दुखेको महशुस भएमा रोक्नुहोस्।

चोट लागेको हातखुट्टालाई उचालेर राख्नुहोस्। जसले गर्दा यो सुन्निन पाउँदैन।

चोट लागे पछि चोट लागेको हातखुट्टालाई उचालेर आरामसँग राख्नुहोस्। बस्दा वा सुत्दा चोट लागेको हातखुट्टालाई उचाल्न १-२ ओटा सिरानी प्रायोग गर्नुहोस्। जसले गर्दा लिम्फेटिक रक्तसंचार भएर सुन्निने कम हुन्छ।

सुन्निन र दुखाई कम गर्न आइस (बरफ) को प्रयोग गर्नुहोस्। चोट लागेको हातखुट्टा रातो भएमा, सुन्निएमा र दुखिरहेमा चोट लागे पछिको पहिलो २ दिन बरफको प्रयोग गर्नुहोस्। बरफलाई एउटा प्लास्टिकको ब्यागभित्र ख्नुहोस र त्यस्लाई एउटा तौलियाले बेहर्नुहोस्। त्यसपछि त्यो चोट लागेको स्थानमा राख्नुहोस र बरफलाई सिधै छालामा नलगाउनु होस्।

बरफ हरेक २-४ घण्टामा लगाइरख्नु होस्, प्रत्येक पल्ट १५-२० मिनट लगाई राख्नुहोस्।

हलचल गर्न नदिन र हातखुट्टालाई आड दिन पट्टि बाँध्नुहोस् र आराम गर्नुहोस्।

**उपचार**

यदि दुखाइ धेरै नै छ र सुन्निएको छ भने नजिकको स्वास्थ्य संस्थामा जानुहोस्। सामान्यतया परम्परागत रुपमा गर्ने भएको मर्किएको वा फ्याक्चर भएको ठाउँमा प्लास्टर गर्ने गरिन्छ। चारदेखि ६ हप्तासम्म राखिन्छ। असर परेको खुट्टाले भुइँमा टेक्नुहुँदैन। हिँड्दा वैशाखीको सहारा लिनुपर्छ। प्लास्टर खोलेपछि भने फिजियोथेरापी जरुरी हुन्छ।

**पट्टी लगाउँदा ध्यान दिनुपर्ने कुराहरु**

१. तन्किने ( इलास्टिक) मोजा चोट लागेको भागलाई दुई तह भएको मोजाको बिचमा राखू होस् र पैतालाको टुप्पोको भागहरु देखिने गरि लगाउनुहोस्। ताकि रक्तसंचार भएको नभएको सजिलोसँग देखिन सकोस्। मोजालाई मनतातो पानी (करिब ४० डिग्री सेल्सियस) र सफा गर्ने साबुनको प्रयोग गर्नुहोस् तर ब्लिचको प्रयोग नगर्नुहोस्। सम्म सतहमा सुक्न दिनुहोस्।

२. पट्टि लगाउँदा कतै यो धेरै कसिएको छ कि भनेर निरन्तर हेर्नुहोस्। जसले गर्दा खुट्टालाई झुम्म बनाउने र रक्तसंचारमा अवरोध ल्याउने हुन्छ र धेरै खकुलो पनि नहोस्, जसले गर्दा त्यसमा असर पुऱ्याउने दबावको कमि होस्।

**पूर्ण निको हुन दिनुहोस्**

गोलीगाँठो पहिलोचोटि मर्केका बेला उचित उपचार र स्याहार चाहिन्छ। यदि ख्याल गरिएन भने बारम्बार मर्कने सम्भावना हुन्छ। मर्किएपछि त्यहाँको लिगामेन्ट कमजोर बन्दै जान्छ। गोलीगाँठो अस्थिर भएर जोर्नीको पीडा, जोर्नीको आर्थराइटिस आदि जस्ता समस्या सिर्जना हुन सक्छन्।

# बस दुर्घटनाका घाइतेसंग मुख्यमन्त्रीको भेट




बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अर्घाखाँचीमा भएको बस दुर्घटनाका घाइतेहरुलाई भेटेका छन् । बुटवलस्थित चौराह अस्पताल पुगेर मुख्यमन्त्री आचार्यले घाईतेहरुको अवस्था बारे जानकारी लिएका हुन् । अर्घाखाँचीको भुमिकास्थान नगरपालिका वडा नं ६ खिल्जीमा सोमवार दिउँसो भएको दुर्घटनामा परी ३४ जना घाइते भएका थिए । घाइते बिरामीहरुसंग भेट गर्दै मुख्यमन्त्री आचार्यले तत्काल रकम अभावमा उपचारमा कुनै कमी नहुनेगरी अस्पताल व्यवस्थापन पक्षसंग कुरा गरी व्यवस्था मिलाइएको जानकारी दिए। 'तत्काल रकम अभाव भएपनि घाइतेहरुको उपचारमा कुनै कमी नगर्न मुख्यमन्त्रीले अस्पताल प्रशासनलाई आग्रह गर्नुभएको छ'-मुख्यमन्त्रीका प्रेस संयोजक दशरथ घिमिरेले भने-'आर्थिक अवस्था कमजोर भएका घाइतेको हकमा सक्दो सहुलियत दिन र रकम तिर्न नसक्नेको हकमा प्रदेश सरकारले व्यवस्था गर्ने पनि मुख्यमन्त्रीले वचन दिनुभएको छ।'

दुर्घटनामा परेर एकजना बृद्धा सहित दुई महिलाको मृत्यु हुनुका साथै ३४ जना घाईते भएका थिए। ना ३ ख २४७१ नम्बरको यात्रुवाहक बसले भैलो खेलिरहेको समूहलाई ठक्कर दिंदा दुर्घटना भएको थियो ।खिल्जीमा पाटी, आमा समूह, महिला समूह, क्लबसहित विभित्र समूह गरी २५ भन्दा बढी समूहमा छुट्टाछुट्टै देउसी भैलो खेल्ने क्रममा एक्कासी बस नाचिरहेका कलाकारमाथि आएर ठक्कर दिएको थियो।

अनियन्त्रित भएको बसका चालक हालसम्म फरार रहेका छन् । सामान्य घाइते तथा स्थानीयले अहिलेसम्म घटनाको प्रहरी प्रशासनले वास्तविक अनुसन्धान नगरेको र चालकको खोजीकार्यमा चासो नदेखाएको भन्दै नाराबाजी गरेका छन् । उनीहरूले जिल्ला प्रशासन कार्यालय गेट अगाडि र प्रहरी कार्यालयभित्र नाराबाजी गर्दै विरोध प्रदर्शन गरेका छन्।

प्रहरी प्रशासनले घटनाको छानबिन र चालक पक्राउ गर्न ढिलासुस्ती गरेको खासै चासो नदेखाए जस्तो गरेकोले विरोध प्रदर्शनमा उत्रिनु परेको खिल्जीकी अनिता बेल्वासेले बताइन्।

### डेंगु...

देशभर भने डेंगुबाट १२ जनाको मृत्यु भएको छ।

प्रदेशभित्र सबैभन्दा धेरै प्रभावित जिल्ला कास्की छ। जहाँ ७ हजार १६१ संक्रमित फेला परेका छन्। त्यसैगरी तनहुँमा २ हजार २२६ जना संक्रमित भेटिएका छन्।

त्यसैगरी पर्वतमा १ हजार ६७७ र चितवनमा १ हजार ९९ संक्रमित पुष्टि भएका छन्।

टेकु अस्पतालका चिफ कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसेका अनुसार केही बिरामीहरूमा दोहोरो संक्रमण देखिएको छ। यस्ता बिरामीहरूलाई आईसीयूमा राखेर उपचार गर्नुपरेको छ।

इडीसीडीका अधिकारीहरूका अनुसार मृत्यु हुने अधिकांश व्यक्तिहरू दीर्घरोगी रहेका छन्। उच्च रक्तचाप, मधुमेह, मुटुरोग र कमजोर रोग प्रतिरोधी क्षमता भएका व्यक्तिहरू बढी जोखिममा रहेको डा. चालिसले बताए।

इडिसीडीका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार यो वर्ष गण्डकी प्रदेशका तीन जिल्ला 'हटस्पट' बनेका छन् ।उनका अनुसार अघिल्लो वर्षको संक्रमित लामखुट्टेका अण्डाहरू विकसित भएर यो वर्ष डेंगु फैलिएको हो।

'अघिल्लो वर्ष तनहुँ (दमौली) बजारमा बढी फैलिएको डेंगु संक्रमण यस वर्ष वरपरका पालिका र वडाहरूमा फैलिएको छ', डा. दाहालले भने, 'यो अघिल्लो वर्षकै संक्रमित लामखुट्टेका अण्डाहरूको विकासको परिणाम हो।'

माघ र फागुन महिनाको तथ्यांकले नै गण्डकी प्रदेशमा डेंगु फैलिने संकेत दिएको थियो। यसैले स्थानीय तहलाई विशेष प्राथमिकतामा राखेर काम गरिएको डा. दाहालले बताए।

उनका अनुसार कुनै क्षेत्रमा डेंगु फैलिने यकीन अनुमान गर्न नसकिए पनि फागुन-चैतमा देखिएको संक्रमितको संख्याले असार-साउनको संक्रमण दरको पूर्वानुमान गर्न सकिन्छ। तर कुन क्षेत्रमा डेंगु फैलिन्छ भनेर यकीन गर्न नसकिने उनको भनाइ छ।

स्वास्थ्य विज्ञहरूले डेंगु नियन्त्रणका लागि समुदाय स्तरमा सचेतना र लामखुट्टेको वृद्धि रोक्ने खोज तथा नष्ट अभियानलाई तीव्रता दिनुपर्ने सुझाव दिएका छन्। विशेषगरी जोखिम समूहका व्यक्तिहरूलाई विशेष सावधानी अपनाउन आग्रह गरिएको छ। कसरी बच्ने ?

डेंगु एडिस लामखुट्टेले टोकेपछि हुन्छ । खासगरी यो लामखुट्टे रातमा नभई दिउँसो सक्रिय हुन्छ। रातको समयमा भने यसको खासै जोखिम हुँदैन । अरु लामखुट्टे जस्तो यसको आवाज सुनिदैन र थाहै नपाई टोक्न सक्छ। खुट्टा, पाखुरा जस्तो लुगाले नछोपिएको भागमा टोक्छ। यद्यपि यसले टोक्नसाथ डेंगु लाग्छ भन्ने होइन। संक्रमित लामखुट्टेले टोक्यो भने मात्र डेंगु लाग्नसक्छ।

संक्रमित लामखुट्टेले टोकेपछि ज्वरो आउँछ। टाउको दुख्छ। वान्ता हुने, चक्कर लाग्ने, मांसपेशी वा जोर्नी दुख्ने, आँखाको भित्री भाग दुख्ने, शरीर गलेको महसुष हुनेगर्छ।

भुक्तभोगीहरुका अनुसार डेंगु निकै पीडादायक हुन्छ। डेंगु संक्रमित भएर उपचारका लागि दौडधूप गर्नुभन्दा यसको टोकाइबाट बच्नु सर्वोत्तम हो।

आफ्नो घर, कार्यथलो आसपासमा राम्ररी सरसफाई गरेमा यो लामखुट्टे फैलन पाउँदैन । खासगरी पानीको ट्यांकी, ड्रम, बाल्टिनलाई राम्ररी छोप्ने ताकि, त्यहाँ यो लामुखट्टे छिर्न नसकोस्।

पानी जम्ने खाल्डाखुल्डी पुर्ने । घरबाहिर बोत्तल, टायर, प्लाष्टिकमा पानी जमेर यो लामखुट्टेले आफ्नो वासस्थान बनाउन सक्छ । त्यसैले त्यस्ता बस्तुहरुमा पानी जम्न नदिने।

अध्याँरो कुना, पर्दा पछाडि, खाटको मुनी, शौचालय भित्र किटनाशक औषधि छर्कन सकिन्छ।

फुलदानी वा त्यसमा जम्ने पानीमा पनि यो लामखुट्टे बस्न सक्छ । त्यसैले पानी जम्ने वा ओसिलो सरसामन सफा राख्ने।

यो लामखुट्टे दिउँसो सक्रिय हुने भएकाले कुनैपनि बेला यसले टोक्न सक्छ। त्यसैले संभव भएसम्म पुरा शरीर ढाक्ने लुगा लगाउनुपर्छ । गर्मीमा हामी प्राय शरीर खुला राख्ने गर्छौं। यसले गर्दा लामखुट्टेलाई टोक्न सहज हुन्छ। बरु, पातलो वा हल्का लुगा भएपनि शरीर ढाक्नेगरी लगाउनुपर्छ। यसले लामखुट्टेको टोकाईबाट बचाउँछ।

दिउसोको समय घर वा कार्यलयमा बसेर काम गर्नुपर्ने अवस्था छ भने लामखुट्टे भगाउने धुप वा लिक्विड प्रयोग गर्न सकिन्छ। यसले केही हदसम्म यसको जोखिमबाट बचाउँछ।

दिउसोको समयमा घरमा बस्दा, काम गर्दा वा कतै जाँदा ओडोमस नामक क्रिम लगाउन सकिन्छ, खासगरी लुगाले नछोपिएको भागहरुमा। यसले लामखुट्टेको टोकाईबाट केही हदसम्म बचाउँछ।

घर, कार्यलय वा कुनैपनि भवनको झ्याल ढोकामा राम्ररी जाली लगाइएको छ भने लामखुट्टे भित्र छिर्न पाउँदैन।

यद्यपि यी सबै अस्थायी उपायहरु हुन् र तर आजभोली एडिस लामखुट्टे नियन्त्रण गर्न हाल उपलब्ध सामग्रीहरू लामखुट्टे भगाउन प्रभावकारी नभएको हो कि भन्ने देखाउँछ। तसर्थ स्थायी रुपमा डेंगुबाट बच्न लामखुट्टेको लार्भा वा प्युपा समयमा नै खोजेर नष्ट गर्नु नै प्रभागकारी हुन्छ। यसलाई नष्ट गर्न सकेमा सहज नियन्त्रण गर्न सकिन्छ । नभए महामारी रुप लिन सक्ने शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुन बताउंछन् ।

# विद्युत् व्यापार सम्झौता विरुद्धको रिट खारेज

काठमाडौं । सरकारले भारतसँग गरेको दीर्घकालीन विद्युत् व्यापार सम्झौता विरुद्ध परेको रिट निवेदन खारेज भएको छ। मंगलबार सर्वोच्च अदालतले उक्त रिट खारेज गर्ने फैसला सुनाएको हो । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीशद्वय सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको इजलासले रिट खारेज गर्दै केही बुँदामा निर्देशनात्मक आदेश जारी गर्ने निर्णय सुनाएको हो । सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले सर्वोच्चको पूर्ण इजलासले रिट जारी नहुने भन्दै खारेज गरेको भएपनि केही विषयमा भने निर्देशनात्मक आदेश गरेको बताए । उक्त निर्देशनात्मक आदेश भने सार्वजनिक हुन बाँकी रहेको उनको भनाइ छ।

यसअघि इजलासले ४ कात्तिकमै निर्णय सुनाउने मिति तोकेकोमा कार्तिक २० गतेलाई सरेको थियो ।२०८० पुसमा पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारले नेपाल र भारतबिच २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर गरेको थियो। सम्झौताको अङ्गका रूपमा भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट विद्युत् लैजाने उल्लेख छ।

तर सम्झौताअनुसार विद्युत् भारतीय कम्पनीहरूले नै उत्पादन गरेको हो वा नेपाल र अन्य देशका कम्पनीले उत्पादन गरेको हो भन्ने प्रस्ट थिएन। यसले नेपालको सार्वभौम अधिकार पनि हनन हुने कतिपयको भनाइ थियो। यस्तो पृष्ठभूमिमा उक्त सम्झौतामा प्रश्न उठाउँदै जलस्रोत मन्त्रालयका पूर्व सचिव सूर्यनाथ उपाध्यायसहितले २०८० फागुन २२ मा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। उपाध्यायले सम्झौता नेपालको संविधान तथा विद्यमान कानुन विपरीत भएको दाबी गरेका थिए।

रिटमा विद्युत् व्यापारको नाममा गरिएको सम्झौता भारतले लाभ पाउने गरी भएको र सो कार्य राष्ट्रहित प्रतिकूल भएको दाबी गरिएको थियो।

सो मुद्दामा गत फागुन २९ गतेदेखि निरन्तर सुनुवाइ हुँदै आएकोमा अन्तिम सुनुवाइ भदौ १३ गते नै भएको थियो।


## सियारी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

**सियारी गाउँपालिकाको विभिन्न स्थानको मुख्य सडक क्षेत्रमा सडक बत्ति जडान र मुख्य चोकहरुमा हाइ मास्ट लाइट तथा एकीकृत सूचना प्रसारण डिजिटल बोर्ड जडान गरि सडक स्तरोन्नति र पर्यटन प्रवर्धन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः२०८१/०७/२१)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सियारी गाउँपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामःसियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः सियारी-३, हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलःinfo@siyarimun.gov.np<br>वेबसाईटः https://siyarimun.gov.np/<br>फोन नं.:+९७७९८५७०१६११९ |
| प्रस्तावको व्यहोरा | सियारी गाउँपालिकाको विभिन्न स्थानको मुख्य सडक क्षेत्रमा सडक बत्ति जडान र मुख्य चोकहरुमा हाइ मास्ट लाइट तथा एकीकृत सूचना प्रसारण डिजिटल बोर्ड जडान गरि सडक स्तरोन्नति र पर्यटन प्रवर्धन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला,सियारी गाउँपालिका विभिन्न वडाहरु |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सियारी गाउँपालिकासम्पूर्णवडा कार्यालय, विद्यालय,स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री सियारी गाउँपालिका, हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश<br>info@siyarimun.gov.np, फोन नं. ९८५७०१६११९ |
| परामर्शदाताको नाम र ठेगाना | प्रिसिजन सिभिल कन्सल्टेन्सी, तिलोत्तमा-०१<br>फोन नं. ९८४७५३८५७५ |



## मध्यविन्दु नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**चोरमारा, नवलपरासी (बर्दघाट सुस्तापूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**गहुँको बीउ आपूर्ति सम्वन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सूचना प्रकाशन मिति २०८१/०७/२१

यस मध्यविन्दु नगरपालिका कृषि विकास शाखाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत खाद्यान्न बालीको उन्नतबीउ उपयोगमा अनुदान कार्यक्रम बमोजिम आवश्यक पर्ने करिब १६ मे. टन गहुँको बीउ आपूर्ति सम्बन्धि कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म / बीउ उत्पादक कम्पनी / बीउ उत्पादक सहकारी बीउ विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हानको लागी यो सूचना प्रकाशन गराएको छ।

**तपशिल**

१. दरभाउपत्र रु. १,०००।- तिरी (पछि फिर्ता नहुने गरी) सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र मिति २०८१/०७/२१ देखि २०८१/०८/०५ सम्म कार्यालय समय भित्र चालु आ.व.को लागि दर्ता नविकरणपत्र, आयकर चूक्ता प्रमाणपत्र फर्म इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र समेत पेश गरि मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पु.) बाट प्राप्त गर्न सकिने छ र मिति२०८१/०८/०६ गते दिउसो १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र फारम बुझाउनुपर्ने छ। मिति २०८१/०८/०६ गते दिउसो २ बजे सिलबन्दी दरभाउपत्र प्रोप्राईटर वा निजका प्रतिनिधी कोरोहवरमा खोलिने छ। प्रोप्राईटरवा निजका प्रतिनिधी उपस्थीत नभएता पनी सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
२. दरभाउपत्र साथमा गहुँ उत्पादनको श्रोत र गुणस्तरको प्रतिवद्धता पत्र समेत पेश गर्नुपर्नेछ।
३. बीउबिजन नियमावली २०६८ अनुसार बीउबिजन ब्यवसायी अनुमति पत्र प्राप्त गरेको इच्छुक विक्रेता/ गहुँ बीउ उत्पादक फर्म समूह गहुँ बीउ उत्पादक सहकारी / कम्पनीले मात्र दरभाउपत्र पेश गर्नसक्ने छन्।
४. बिक्री वितरण गरिने गहुँ बीउको तौल १००० दानाको तौल ४० देखि ४५ ग्राम हुनुपर्नेछ।
५. नेपाल सरकार राष्ट्रिय बीउ बिजन समितिबाट सिफारिस वा पञ्जिकृत उन्नत गहुँका जातहरूको बीउमात्र प्रयोग हुनेछ।
६. दरभाउपत्र साथ आफुले कबोल गरेको कुल मुल्यको कम्तीमा २.५ प्रतिशतले हुने रकम मध्यविन्दु नगरपालिका नगरकार्यपालिको कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको धरौटि खाता नं ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त बैकवाट दरभाउपत्रको अन्तिम मितिबाट लागु हुने गरि जारी गरिएको १२० दिन म्याद भएको विडवन्ड संलग्न गर्नुपर्नेछ।
७. दरभाउपत्र स्वीकृत भएमा सम्झौता गर्नु अगावै ५ प्रतिशत रकम मध्यविन्दु नगरपालिका नगरकार्यपालिका कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको धरौटि खाता नं ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त बैंकबाट एक वर्ष म्याद भएको (परफरमेन्सबण्ड) कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ।
८. आपूर्तिकर्ताले कृषकको माग बमोजिम कार्यालयले सिफारिस गरे अनुसार आवश्यक गहुँबीउ जात अनुसार उपलब्ध गराउनुपर्नेछ कृषकको माग नभएमा सम्पूर्ण बीउ खरिद गर्न कार्यालय बाध्य हुने छैन।
९. स्वीकृत कार्यक्रम तथा बजेटमा थपघट वा कुनै किसिमको संशोधन भई आएमा सोही बमोजिम हुनेछ।
१०. जुनफर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट दरभाउपत्र दाखिला गर्नुपर्नेछ। एक फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन। यस्तो दरभाउपत्र दाखिला भएमा स्वतः रद्द हुनेछ।
११. दरभाउपत्र शर्त रहित हुनुपर्नेछ। कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्यन लेखिएको हुनुपर्नेछ। थप घट वा केरमेट भएमा सम्बन्धित पक्ष सहि छाप गर्नुपर्नेछ। समयभित्र प्राप्त नभएको, रित नपुगेको सूचनाको शर्त विपरित भएको दरभाउपत्र उपर कारबाही हुनेछैन।
१२. प्राप्त हुन आएका दरभाउपत्र कारण जनाई वा नजनाई स्विकृत गर्ने/नगर्ने, रद्द गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ। दरभाउपत्रदाताले सूचनाका शर्तहरू राम्रोसँग बुझी प्रस्ताव पेश गरेको मानिनेछ।
१३. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐननियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
१४. यस सम्वन्धि अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समय भित्रमो.नं. ९८५७०४०२८४ मा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**



गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

प्रकाशित मिति :२०८१/०७/२१

यस कार्यालयबाट २०८१/०२/२० प्रकाशित बोलपत्र आवहान गर्ने सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रदाताहरु मध्ये न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही तल उल्लेखित बोलपत्रदाता र प्रस्ताव मूल्य स्वीकृतीका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि .नं | ठेक्का नं | ठेक्काको नाम | बोलपत्रदाता को नाम | कबोल अंक (WITH VAT AND PS) रु |
|---|---|---|---|---|
| १ | IDO-NAW(BSE)-W-NCB-UG-10-2080/81 | Korola Pokhara Triveni Marga Antargat Dedgaun Jhalbas Sadak(Teshro Khanda) | M/S Samrakshyan-D&B JV , Bharatpur | १४,९९,९६,५२८.९८ |



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

टूंकलाइन बक्यौता विवाद :

# उद्योगीका पक्षमा आदेश दिन सर्वोच्चद्वारा अस्वीकार




काठमाडौं । सर्वोच्च अदालतले पनि विद्युत बक्यौता तिर्न नमान्ने उद्योगका पक्षमा आदेश दिन अस्वीकार गरेको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र महेश शर्मा पौडेलको संयुक्त इजलासले डेडिकेटेड तथा ट्रंकलाइनवापतको बक्यौता विवादमा उद्योगीका पक्षमा आदेश दिन अस्वीकार गरेको हो।

उक्त इजलासले हिमाल आइरन एन्ड स्टिलले नेपाल विद्युत प्राधिकरणविरुद्ध दायर गरेको रिट खारेज गरिदिएको छ।

८ करोडभन्दा बढीको बक्यौता रहेको उद्योग उक्त रकम तिर्न अस्वीकार गर्दै २०७७ फागुनमा सर्वोच्च अदालतमा रिट दायर गर्न पुगेको थियो। तर, सर्वोच्चले उद्योगका पक्षमा अन्तरिम आदेश दिन अस्वीकार गर्दै आएको थियो। सर्वोच्चले अन्तरिम आदेश दिन नमानेपछि उक्त उद्योगले किस्ताबन्दीमा बक्यौता तिर्न थालेको थियो।

मंगलबार भएको अन्तिम सुनुवाइपछि सर्वोच्चले उद्योगको दाबीमा प्रमाण नपुग्ने भन्दै रिट नै खारेज गरिदिएको हो। सर्वोच्चको यस आदेशसँगै अब नेपाल विद्युत प्राधिकरणलाई बक्यौता रकम उठाउन थप सहज भएको छ।

देशमा लोडसेडिङ भइरहँदा प्राधिकरणबाट विशेष सुविधा पाएर विद्युत खपत गरेका ४९ वटा उद्योगबाट ६ अर्ब रुपैयाँ बक्यौता उठाउन बाँकी छ। बुटवल-भैरहवा कोरिडोरका डेढ दर्जन उद्योगबाट पनि प्राधिकरणले ४० करोड बढी बक्यौता उठाउन बांकी रहेको भन्दै लाइन काटेको छ । तर उद्योगीहरुले अन्यत्रका उद्योग र यहांका उद्योगको समस्या फरक भएको बताउंदै आफूहरुले ट्रंकलाइनको माग र खपत दुबै नगरेको दावी पेश गरेका छन् ।

# लुम्बिनीका मुख्यमन्त्री र अर्थमन्त्री चीन भ्रमणमा जाने



बुटवल । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य कात्तिक अन्तिम साता एक हप्ता चीन भ्रमणमा जाने भएका छन् ।

चीनको सिचुआन प्रान्तमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन मुख्यमन्त्री आचार्य ७ सदस्यीय प्रतिनिधिमण्डलसहित जान लागेका हुन् ।

मंगलबार बसेको लुम्बिनी मन्त्रिपरिषद बैठकले मुख्यमन्त्रीको भ्रमण स्वीकृत गरेको सरकारका प्रवक्ता कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए ।

सिचुआन प्रान्तमा समन्वय र विकासको विषयमा छलफल गर्न नोभेम्बर ११-१३ (कात्तिक २६-२८) मा अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ । सम्मेलनमा भाग लिन मुख्यमन्त्री आचार्यसँगै आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थसहितको टोली जान लागेको हो ।

यो भ्रमणले लुम्बिनी प्रदेश सरकार र चीनको सिचुआन प्रान्तबीच पारस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने विश्वास लिइएको मुख्यमन्त्री आचार्यले बताए ।

भ्रमणको क्रममा लुम्बिनी प्रदेशको समग्र विकासका योजनालाई अघि बढाउन दुईपक्षीय सहयोग र सहकार्यको बारेमा समेत छलफल हुने उनले बताए ।

२०७६ सालमा लुम्बिनी र सिचुआन प्रान्तबीच भगिनी सम्बन्ध कायम गरिएको थियो । त्यतिबेला कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा लुम्बिनी प्रदेश र सिचुआन प्रान्तबीच सहयोग आदानप्रदान गर्ने समझदारी भएको थियो ।

# ‘एकीकृत समाजवादीमा एक व्यक्ति एक पद’




काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी ले पार्टीले सबै तहका कमिटीमा ‘एक पद एक व्यक्ति’ प्रणालीका आधारमा कार्यविभाजन गर्ने भएको छ । सङ्गठनलाई थप सुदृढीकरण गरी गतिशील बनाउन पार्टीका सबै तहका नेतालाई व्यवस्थापन गर्न ‘एक पद एक व्यक्ति’को अवधारणा कार्यान्वयन गर्न लागिइएको हो ।

पार्टीमा आलोचनात्मक टिप्पणी गर्ने, फरक विचार पक्षधरलाई ठोस जिम्मेवारीमा केन्द्रित गर्नेगरी नेताको जिम्मेवारी कार्यविभाजन गर्न लागिएको सचिव सोमप्रसाद पाण्डेयले जानकारी दिए ।

पार्टी संरचनामा कार्यविभाजन गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा सम्मानित नेता झलनाथ खनाल, महासचिव घनश्याम भूसालसहित सात पदाधिकारीको कार्यदल गठन गरिएको छ । कार्यदलले पार्टीका असन्तुष्ट नेतासँग छलफल गरी उनीहरूलाई पनि केन्द्रीय जिम्मेवारी प्रदान गर्ने तयारी गरेको पार्टीले जनाएको छ ।

नेताहरूको सक्षमता, विगतका कार्यसम्पादनको मूल्याङ्कन गर्न गठित कार्यदलले जिम्मेवारी हेरफेर तथा साङ्गठनिक संरचनामा कार्यविभाजनका लागि गृहकार्य गरेको सचिव पाण्डेले बताए । अध्यक्ष नेपाल विदेश भ्रमणमा रहेकाले उनी स्वदेश फिर्ता भएपछि पार्टी विभागीय प्रमुख तथा जनवर्गीय सङ्गठन, प्रदेश इन्चार्ज तोकिने र आवश्यकतानुसार अन्य नेताहरूको कार्यविभाजन गरिने जनाइएको छ ।

पार्टीले समान विचारधारा भएका पार्टी, कम्युनिष्ट पार्टीको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका नेताहरूसँग कार्यदलले छलफल गरेको सचिव पाण्डेयले जानकारी दिए ।

# अब बैंकमा केवाईसी भर्न नपर्ने




काठमाडौं । सरकारले बैंक तथा वित्तीय संस्थाहरूमा खाता खोल्दा अनिवार्य आवश्यक पर्ने ग्राहक सम्बन्धी विस्तृत विवरण (केवाईसी) लाई सहज र छरितो बनाउने भएको छ ।

नेपाली नागरिकले राष्ट्रिय परिचयपत्र बनाउँदा पेस गरेको विस्तृत विवरणलाई नै बैंक तथा वित्तीय संस्थाले लिन सक्ने गरी व्यवस्था हुन लागेको हो ।

गत साता बिहीबार जारी भएको ‘सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०८१’ मा यस्तो व्यवस्था गर्न लागिएको हो ।

उक्त नियमावलीको नियम ३ मा ‘विद्युतीय माध्यमबाट ग्राहक पहिचान गर्न सक्ने’ व्यवस्था थपिएको हो । उक्त व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाले ग्राहकको व्यक्तिगत विवरण नेपाल सरकारको डिजिटल अभिलेखबाट तानेर हेर्न सक्नेछन् । त्यसका लागि व्यक्तिले नागरिकता र राष्ट्रिय परिचयपत्र बनाएको हुनुपर्ने छ ।

अहिले बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने व्यक्तिले हरेक खातापिच्छे केवाईसी फारम भर्नुपर्छ । हरेक ठाउँमा विवरण भर्दा झन्झट हुने र कतिपय अवस्थामा ग्राहकको गोप्य र वैयक्तिक विवरण सार्वजनिक हुने जोखिम रहेको आवाज उठिरहेका बेला सरकारले नयाँ व्यवस्था गरेको हो ।

नयाँ व्यवस्था अनुसार नेपाल सरकारले विद्युतीय अभिलेखमा राखेको व्यक्तिगत विवरणमा बैंक तथा वित्तीय संस्थाले पहुँच राख्नका लागि आग्रह गर्नेछन् । ग्राहकले अनुमति दिए संग्रहित भएको व्यक्तिगत विवरण उनीहरूले पाउनेछन् । त्यसका लागि सम्बन्धित व्यक्तिको सहमति अनिवार्य गरिएको छ ।

त्यसरी संकलन गरिएको विवरण सम्बन्धित ग्राहकबाटै फेरि प्रमाणीकरण गराउनुपर्ने छ । बैंक तथा वित्तीय संस्थाले थप विवरण चाहे ग्राहकको अनुमतिमा मात्रै पाउने व्यवस्था गरिएको छ ।

यसरी सरकारी निकायबाट विवरण संकलन गर्दा बैंक तथा वित्तीय संस्थाले व्यक्तिको नामथर, लिंग, उमेर, नागरिकता र राष्ट्रिय परिचयपत्रमा उल्लेखित विवरण, तत्काल सम्पर्क गर्न सकिने नम्बर, आमाबाबुको विवरण, सवारीचालक, पासपोर्ट, मतदाता परिचयपत्र नम्बर लगायत विवरण लिन पाउनेछन् ।

हरेक खातावालको वैयक्तिक विवरण अभिलेखीकरण गर्न झन्झट हुने भएपछि त्यसका लागि कुनै कम्पनी स्थापना गरेर यसखालको सेवा दिनेबारे अनौपचारिक गृहकार्य पनि सुरु भएको थियो । तर, गोपनीयताको विषय जोडिएपछि प्रक्रिया अघि बढेको थिएन ।

अहिले भने सरकारी स्तरबाटै त्यसरी वैयक्तिक विवरणमा पहुँच दिन सकिने भनी नियम बनाइएको हो । यो नियमका आधारमा सरकारले गृह मन्त्रालय वा राष्ट्रिय परिचयपत्र विभागलाई यस सम्बन्धी विवरण प्रदान गर्ने निकाय तोक्ने छ । र, त्यसका आधारमा बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान गर्नेछन् ।

यो व्यवस्था बैंक तथा वित्तीय संस्थाका साथसाथै कम्पनी रजिस्ट्रारको कार्यालय, सेयर कारोबार गर्ने निकाय लगायतका हकमा पनि लागु हुनेछ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले नियमावलीमा उक्त व्यवस्था भएसँगै इजाजतपत्र प्राप्त संस्थालाई जारी भएको एकीकृत निर्देशिका संशोधन मार्फत बैंकहरूलाई परिपत्र जारी हुने उनले बताए ।

अहिले डिजिटल माध्यमबाट केवाईसी प्रमाणीकरण गर्न सक्ने व्यवस्था भए पनि बैंक जान नसक्नेसँगको कागजात अनलाइनमा पठाउन लगाएर भिडियो कलमार्फत केवाईसी प्रमाणीकरणन हुने गरेको उनले बताए ।

अब भने राष्ट्रिय परिचयपत्र वा नागरिकता विवरणको सरकारी डाटाबेसमा नै पहुँच पुग्ने गरी उक्त व्यवस्था हुँदा थप व्यवस्थित हुने उनको भनाइ छ ।

त्यसका लागि राष्ट्र बैंकले आवश्यक व्यवस्था गरेर बैंक तथा वित्तीय संस्थालाई कार्यान्वयनका लागि निर्देशन दिनुपर्ने उनले बताए ।

# सूचना आयोगमा तीनजना सिफारिश



बुटवल । राष्ट्रिय सूचना आयोगमा प्रमुख आयुक्त र आयुक्तहरू सिफारिस भएको छ।

प्रमुख सूचना आयुक्तमा सुरेश आचार्य र आयुक्तहरूमा गगन विष्ट र दुर्गा भण्डारीलाई सिफारिस गरिएको नेपाल पत्रकार महासंघकी कार्यवाहक अध्यक्ष बाला अधिकारीले जानकारी दिइन्।

सभामुख देवराज घिमिरे नेतृत्वमा रहेको सिफारिस समितिले सोमबार आचार्य, विष्ट र भण्डारीको नाम सिफारिस गर्ने निर्णय गरेको हो। आचार्य नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष, विष्ट प्रेस चौतारीका पूर्वअध्यक्ष र भण्डारी प्रेस काउन्सिलकी सदस्य थिइन्।

सिफारिस समितिमा सभामुख, सूचना तथा प्रविधि मन्त्री र पत्रकार महासंघ रहने व्यवस्था छ।

सिफारिस समितिले आचार्य, विष्ट र भण्डारीको नाम सञ्चार मन्त्रालयमा पठाएको छ। अब मन्त्रिपरिषदबाट निर्णय भएपछि प्रमुख आयुक्त र आयुक्तहरू नियुक्त हुनेछन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com